आज मिति २०८०।०४।२६ गते शुक्रबारका दिन गाउँपालिकाका अध्यक्ष श्री लोक बहादुर मोक्तान ज्यूको अध्यक्षतामा तपसिलका पदाधिकारीहरुको उपस्थितिमा कार्यपालिकाको बैठक बसी तपशिल बमोजिमका निर्णयहरु गरियो ।

उपस्थिति

| | | | |
|---|---|---|---|
| १ | श्री लोक बहादुर मुक्तान | अध्यक्ष | [signature] |
| २ | श्री बाल कुमार मल्ल ठकुरी | उपाध्यक्ष | |
| ३ | श्री तेज बहादुर ब्लोन | वडा अध्यक्ष | [signature] |
| ४ | श्री राजेन्द्र तामाङ्ग घिसिङ | वडा अध्यक्ष | [signature] |
| ५ | श्री देवलाल बल | वडा अध्यक्ष | |
| ६ | श्री तिलक बहादुर मुक्तान | वडा अध्यक्ष | |
| ७ | श्री छेकु लामा | वडा अध्यक्ष | |
| ८ | श्री राम बहादुर गोम्बा | वडा अध्यक्ष | |
| ९ | श्री उदाश कुमार भोलन | वडा अध्यक्ष | [signature] |
| १० | श्री आशिष प्रजा | वडा अध्यक्ष | [signature] |
| ११ | श्री भुवन सिंह थलान | वडा अध्यक्ष | [signature] |
| १२ | श्री सूर्य बहादुर ब्लोन | वडा अध्यक्ष | [signature] |
| १३ | श्री बुद्धिलाल सुनार | का.पा. सदस्य | बुद्धिलाल |
| १४ | श्री सुन्तली सुनुवार | का.पा. सदस्य | [signature] |
| १५ | श्री गोरीमाया बुलुन | का.पा. सदस्य | गोरीमाया |
| १६ | श्री दिलमाया प्रजा | का.पा. सदस्य | [signature] |
| १७ | श्री राममाया प्रजा | का.पा. सदस्य | Ras |
| १८ | श्री सम्झना गोले | का.पा. सदस्य | सम्झना |
| १९. | श्री अशोक विष्ट | सदस्य सचिव | |

आमन्त्रीत :

१. योजना शाखा प्रमुख [signature]

२. प्राविधिक शाखा प्रमुख

३ लेखा शाखा प्रमुख [signature]

४ जिन्सी शाखा प्रमुख

[stamp]

[signature]

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

लोक बहादुर मुक्तान
अध्यक्ष

प्रस्तावहरु:

१. नामटार, कालिकाटार मोटर बाटोलाई नपुग रकम थप गर्ने बारे ।
२. गत आ.ब. को समपुरक योजना संवन्धमा ।
३. कृषक मलकार्ड बितरण संवन्धमा ।
४. कृषि तथा पशुसेवा शाखालाई एकीकरण गर्ने संवन्धमा ।
५. चौमासिक कैलाश बुलेटिन संपादक मण्डल गठन संवन्धमा ।
६. अल्या योजना संवन्धमा ।
७. प्राविधिक तथा अन्य कर्मचारी करार पदपूर्ति गर्ने संवन्धमा ।
८. अर्न्तराष्ट्रिय संघ संस्थाहरु संग भगिनी संवन्ध कायम गरी सभा सम्मेलनमा भाग लिने संवन्धमा ।
९. विविध ।

निर्णयहरु

निणर्य नं. १

प्रस्ताव नं. १. नामटार, कालिकाटार मोटर बाटोलाई नपुग रकम थप गर्ने बारे छलफल हुँदा उक्त मोटरबाटो योजना बहुवर्षिय योजना भएको कारणले यस आ.ब. मा सो बाटोलाई निरन्तरता दिनको लागी रु. ८५ लाख आन्तरिक श्रोतबाट व्यहोर्ने गरी रकम थप गर्ने सर्वसहमती निर्णय गरियो ।

निणर्य नं. २

प्रस्ताव नं. २. गत आ.ब. को समपुरक योजना संवन्धमा छलफल हुँदा यस गाउँपालिकाको गत आ.व. 2079/80 को स्वीकृत वार्षिक कार्यक्रम अनुसार प्रदेश समपुरक योजना अन्तर्गत परेको योजानाहरु बोलपत्रका माध्यम बाट ठेक्का आब्हान भई संझौता अनोजिम निर्माण कार्य अगाडि बढेकोमा भौगोलिक बिकटता, मौसमको प्रतिकुलताका साथै निर्माण सामाग्रीको मुल्य बृद्धीका कारण निर्माण कम्पनिहरुले योजना कार्यदिश बमोजिम सम्पन्न गर्न नसकेकोले ति ठेक्काहरुलाई यो आ.व. मा संचालनगर्नको लागी रकम अपुग हुने देखीएकोले तत्त समपुरक योजनाहरुमा आबश्यक पर्ने अपुग रकम संबन्धित मन्त्रालयमा माग गर्ने निर्णय गरियो।

निणर्य नं. ३

प्रस्तांब नं. ३. कृषक कार्ड बितरण संवन्धमा छलफल हुँदा गाउँपालिकाको कृषि शाखा संग प्राविधिक परामर्श लिई संवन्धित वडा समितिबाटै एकघर एक कृषक कार्ड बितरण गर्ने सर्वसहमती निर्णय गरियो ।

निणर्य नं. ४

प्रस्ताब नं. ४. कृषि तथा पशुसेवा शाखालाई एकीकरण गर्ने संवन्धमा छलफल हुँदा हाल यस गाउँपालिकामा कृषि पशु तथा भेटनरी शाखा छुट्टा छुट्टै शाखाको रुपमा रहि आएकोमा कृषि, पशु तथा भेटनरी सेवा एकै प्रकृतिको सेवा भएको र कर्मचारीहरुको पनि अभाव रहेको हुँदा अधिकृत स्तरको सो सेवा संग संवन्धित कर्मचारीको नियमनमा रहनेगरी माथि उल्लेखित तिन वटै शेवाको शाखा हाललाई कृषि पशु तथा भेटनरी शाखा रहने गरी एउटै शाखा बनाउने सर्वसहमती निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

[illegible] बहादुर मुक्तान
अध्यक्ष

**प्रस्ताव नं. ५.** चौमासिक कैलाश बुलेटिन संपादक मण्डल गठन संवन्धमा छलफल हुँदा यस कैलाश गाउँपालिकाले गरेका गतिविधि तथा असल अभ्यासहरुको सर्वसाधारणहरुलाई समेत जानकारी प्राप्त गर्न सहज होस् भन्ने हेतुले यस आ.ब. बाट कैलाश चौमासिक बुलेटिन प्रकाशन गर्न लागेको हुँदा उक्त बुलेटिन प्रकाशर्नाथ तपशिल बमोजिमको एक संपादक मंडल गठन गरी उक्त बुलेटिन चौमासिक रुपमा नियमीत प्रकाशन गर्ने सर्वसहमती निर्णय गरियो । साथै उक्त बुलेटिन प्रकाशन गर्न संपादक मंडलहरुको पारिश्रमीक आगामी बैठकमा तय गरिने समेत निर्णय गरियो ।

तपशिल
संपादक मंडल

१. प्रधान संपादक : प्रमुख प्रशासकीय अधिकृत
२. संपादक : शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख
३. व्यवस्थापक : लेखा शाखा प्रमुख
४. सामाग्री संकलन : योजना शाखा प्रमुख
५. कम्प्युटर र सूचना प्रविधि : सूचना प्रविधि अधिकृत र कम्प्यूटर अप्रेटर
६. प्रमुख सल्लाहकार : गाउँपालिका अध्यक्ष
७. सल्लाहकार : उपाध्यक्ष
८. सल्लाहकार : विभिन्न समितिका संयोजकहरु
९. मुद्रण

**निर्णय नं. ६**

**प्रस्ताव नं. ६.** अल्या योजना संवन्धमा छलफल हुँदा आ.ब. २०७५।८० मा संपन्न भएका तर सुत्र लगायत विविध कारण बस २०७५ असार २४ गते भित्र भुक्तानी गर्न नसकिएका १८ नं. फारम जरी स्वीकृत भएका तपशिल बमोजिमका आयोजनाहरुको भुक्तानी गर्ने सर्वसहमती निर्णय गरियो ।

भुक्तानी बाँकी रहनुको कारण : सुत्र बन्द भई भुक्तानि गर्न नसकिएको

भुक्तानी गर्ने आ . ब .

खर्च उपशीर्षक :

बजेट उपशीर्षक नं

आर्थिक बर्ष : 2080/81

| दायित्व सृजना भएको मिति | कारोबार संकेत नं * | कार्यक्रमको नाम | कारोबारको संक्षिप्त व्यहोरा | भुक्तानी पाउनेको नाम | भुक्तानी दिन बांकी रकम |
|---|---|---|---|---|---|
| | | | | | |
| | | स्टोर शाखा तर्फ | | | |
| 3/25/2079 | 4 | मर्मत | कार्यालय प्रयोजनार्थ | विएन्सा सप्लायर्स | १३६००० |
| 3/25/2079 | 5 | छपाई | कार्यालय प्रयोजनार्थ | विश्व आर्ट | १७५४४० |
| 3/25/2079 | 8 | सवारि मर्मत | कार्यालय प्रयोजनार्थ | हेटौडा/कृष्ण अटो वर्कसप | २०२२३५ |
| 3/25/2079 | 9 | सवारि मर्मत | कार्यालय प्रयोजनार्थ | हेटौडा/कृष्ण अटो वर्कसप | १५२१४६ |

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| 3/25/2079 | 11 | सवारि मर्मत | कार्यालय प्रयोजनार्थ | हेटौडा/कृष्ण/आस्मा अटो वर्कसप | १०४१९० |
| 3/25/2079 | 12 | ई गभर्नेन्स | कार्यालय प्रयोजनार्थ | रेल्टो ईन्टरन्यास्नल | ८४५५०० |
| 3/26/2079 | 15 | घर भाडा | कार्यालय प्रयोजमार्थ | सुर्य मान थिङ्ग | ६३००० |
| | | | | कुल जम्मा रकम | १६७९३११ |

निणर्य नं. ७

प्रस्ताब नं. ७. प्राविधिक कर्मचारी करार पदपूर्ति गर्ने संवन्धमा छलफल हुँदा कैलाश गाउँपालिकामा मौजुदा प्राविधिक जनशक्तिहरुबाट मात्र योजना तथा आयोजनाहरु संग सम्वन्धित प्राविधिक कार्यहरु गर्न नसकिएको हुँदा लोक सेवा आयोगबाट माग आकृति भए अनुसारको पदपूर्ति नभए सम्मको लागी तपशिल बमोजिमका प्राविधिक कर्मचारीहरु करार सेवामा पदपूर्ति गरी सेवा संचालन गरिने सर्वसहमती निर्णय गरियो ।

तपशिल

१. इन्जिनियर छैटौ तह १

२. अ. स. ई चौथो तह २ जना

३. नेत्र सहायक १ जना

निणर्य नं. ८

प्रस्ताब नं. ८. अन्र्तराष्ट्रिय संघ संस्थाहरु संग भगिनी संवन्ध कायम गरी सभा सम्मेलनमा भाग लिने संवन्धमा छलफल हुँदा स्थानीय सरकारको क्षमता अभिबृद्धि गर्न, स्थानीय सरकारको गतीविधि, विकाश निर्माणका कार्यहरु र प्रशासकिय अभ्यासहरुको अनुभव आदान प्रदान गर्न विभिन्न छिमेकी राष्ट्र तथा अन्य राष्ट्रहरु संग भगिनी संवन्ध कायम गरी अन्र्तराष्ट्रिय स्तरमा हुने सभा, सम्मेलनमा भाग लिन अध्यक्ष र अध्यक्षले तोकेका अधिकृत स्तरका कर्मचारी, कर्मचारी तथा जन प्रतिनिधिहरु सहभागी हुने सर्वसहमती निर्णय गरियो ।

प्रस्ताब नं. ९. विविध माथि छलफल हुँदा

विविध निर्णय नं. (क): कार्यालय रेखदेख, पालो पहरा र कार्यालय सुरक्षाको लागी, स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ११ दफा ८३ को उपदफा ८ बमोजिम २ जना सुरक्षा गार्ड (चौकीदार) इजाजत प्राप्त संस्थाबाट सेवा करारमा सेवा लिने सर्वसहमती निर्णय गरियो ।

विविध निर्णय नं. (ख) कार्यपालिका सदस्यहरुलाई महिनावारी कार्यपालिका बैठकमा आउँदाखेरी ५ लिटर तेल उपलब्ध गराउने निर्णय गरियो ।

विविध निर्णय नं. (ग) माथि छलफल हुँदा डिको स्वास्थ्य चौकी वडा नं. ७ मा यस आ.ब. बाट बरथिङ सेन्टर स्थापना गरी प्रसुति सेवा सुचारु गर्ने सर्वसहमती निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner